कम्पनी अध्यादेश,२०६२ अन्तर्गत संस्थापित

(कम्पनीको नाम पूरा लेख्ने) पव्लिक लिमिटेडको

## <u>प्रबन्धपत्र</u>

१. <u>कम्पनीको नाम</u> : यस कम्पनीको नाम "........... लिमिटेड (बैंक/वित्तीय संस्था)" हुनेछ र यसलाई अंग्रेजीमा ............................................................ भनिनेछ, जसलाई यसपछि "बैंक/वित्तीय संस्था" भनिएको छ ।

२. <u>बैंक/वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहने ठेगाना</u> : (१) यस बैंक/वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय ............ अञ्चल ............ जिल्ला .................. न.पा./गा.वि.स. वार्ड नं. ... मा रहनेछ ।

(२) यस बैंक/वित्तीय संस्थाको कारोबार गर्ने स्थान स्थान .........जिल्ला ....... नगरपालिका/गा.वि.स. वडा नं. ..........मा रहनेछ र आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकको स्वीकृति लिई शाखा, उपशाखा वा अन्य कार्यालय खोली कारोबार गर्न सकिनेछ ।

३. <u>बैंक/वित्तीय संस्थाको मुख्य उद्देश्य</u> : (१) नेपाल राष्ट्र बैंक ऐन, २०५८, प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून, कम्पनी कानून तथा अन्य प्रचलित कानूनको अधीनमा रही वित्तीय कारोवार (बैंकिङ्ग/वित्तीय व्यवसाय) गर्ने यस बैंक/वित्तीय संस्थाको मुख्य उद्देश्यहरू देहाय बमोजिम हुनेछः-

(क) बैंक/वित्तीय संस्थाका निक्षेपकर्ता तथा शेयरधनीको हक हितको संरक्षण र सम्बर्द्धन गर्दै सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो वित्तीय सेवा उपलव्ध गराउने,

(ख) कृषि, उद्योग, सेवा, ब्यापार तथा अन्य ब्यवसायिक रूपले सम्भाब्य देखिएका उत्पादनशील ब्यवसायको स्थापना, विकास, बिस्तार र क्षमता एवम् उत्पादकत्व बृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा बाह्य स्रोतबाट जुटाई देशको औद्योगिक, ब्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुऱ्याउने,

(ग) उपलब्ध शीप, श्रम तथा पूँजीलाई उचीत परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवम् रोजगारीमूलक ब्यवसायको स्थापना, सञ्चालन, विकास, विस्तार एवम् प्रबर्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा ब्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रूपमा संलग्न भई सहयोग पुऱ्याउने, र

(घ) मुलुकमा छरिएर रहेको पूंजीलाई एकीकृत गरी संस्थागत लगानी तथा स्वस्थ प्रतिस्पर्धाको माध्यमबाट वित्तीय मध्यस्थताको सेवा उपलब्ध गराउने ।

(२) बैंक/वित्तीय संस्थाले उपदफा (१) बमोजिमको उद्देश्य प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गर्नु पर्ने भएमा सो प्राप्त गरी मात्र कार्यान्वयन गरिनेछ ।

(३) उपदफा (१) मा उल्लिखित उद्देश्यको सम्बन्धमा अनुमति वा इजाजत प्राप्त गरेको पन्ध्र दिनभित्र त्यस्तो अनुमति वा इजाजतपत्रको प्रतिलिपि कार्यालयमा पेश गरिने छ ।

४. **बैंक/वित्तीय संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कामहरू** : यस बैंक/वित्तीय संस्थाले दफा ३ बमोजिमको उद्देश्य हासिल गर्न बैंक तथा वित्तीय संस्था सम्बन्धी अध्यादेश, २०६२ को दफा ४७ को उपदफा (१)/(२)/(३)/(४) बमोजिम क/ख/ग/घ वर्गको इजाजतपत्र प्राप्त संस्थाको रूपमा रही सो अध्यादेश, कम्पनी कानून तथा अन्य प्रचलित कानूनको अधीनमा रही देहाय बमोजिमका कार्यहरू गर्न सक्नेछ :-

(क) बैंक/वित्तीय संस्थालाई आवश्यक पर्ने जग्गा, भवन, सवारी साधन र आवश्यक उपकरण खरिद गर्ने वा भाडामा लिई प्रयोग गर्ने ।

(ख) बैंक/वित्तीय संस्थालाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनको सेवाको शर्तहरु निर्धारण गर्ने ।

(ग) बैंक/वित्तीय संस्थामा लगानी भएको शेयरको रकम तथा त्यसबाट आर्जित रकम बैंकमा जम्मा गरी बैंक खाता सञ्चालन गर्ने ।

(घ) बैंक/वित्तीय संस्थालाई आवश्यक पर्ने रकम बैंक वा कुनै वित्तीय संस्थाबाट धितो राखी वा नराखी कर्जा लिने ।

(ङ) बैंक/वित्तीय संस्थाको नामबाट शेयर तथा डिवेन्चर खरीद गर्न तथा त्यसलाई बिक्री गर्न सक्ने ।

**द्रष्टव्यः** क वर्गको बैंकले दफा ४७ को उपदफा (१) बमोजिम, ख वर्गले उपदफा (२) बमोजिम, ग वर्गका वित्तीय संस्थाले उपदफा (३) बमोजिम र घ वर्गका वित्तीय संस्थाले उपदफा (४) बमोजिमका कार्यहरु उल्लेख गर्ने । अन्य आवश्यक कुराहरु कुनै भए सो उल्लेख गर्ने ।

५. **बैंक वा वित्तीय संस्थाको पूंजीको संरचनाः** कम्पनीको पूंजीको संरचना देहाय बमोजिम हुनेछ :

(क) बैंक वा वित्तीय संस्थाको अधिकृत पूंजी ............. हुनेछ । सो पूंजीलाई रु. ........ दरका ........थान साधारण शेयरमा विभाजन गरिएको छ ।

(ख) बैंक वा वित्तीय संस्थाले तत्काल जारी गर्ने शेयर पूंजी ................. हुनेछ ।

(ग) बैंक वा वित्तीय संस्थाको तत्काल चुक्ता पूंजी ............................................... हुनेछ ।

(घ) बैंक वा वित्तीय संस्थाले अधिकृत पूंजीको ...... शेयर सर्व साधारणको लागि छुट्याएको छ ।

(ङ) संस्थापक शेयरधनीहरुलाई समूह "क", "ख", र "ग" मा वर्गिकरण गरिएको छ । यो समूहको शेयर स्वामित्व ....... प्रतिशत हुनेछ ।

(१) समूह "क" लाई उप-समूह ................. मा वर्गिकरण गरिएको छ । यो समूहको शेयर स्वामित्व ...... प्रतिशत हुनेछ ।

यस समूहमा निम्न शेयरधनीहरुको निम्न बमोजिमको शेयर स्वामित्व प्रतिशत रहनेछ :-

..........................................

(२) सर्वसाधारणमा बिक्री गरिने शेयरका शेयरधनीलाई समूह "..." मा वर्गिकरण गरिएको छ । यो समूहको शेयर स्वामित्व ... प्रतिशत हुनेछ । यस समूहको शेयरमध्येबाट बढीमा ५ प्रतिशतसम्म शेयर बैंक/वित्तीय संस्थाका कर्मचारीलाई छुट्याई संचालक समितिको निर्णय बमोजिम बिक्री वितरण गर्न सकिनेछ ।

(च) जुन समूह, उपसमूहको शेयर खरिद गरेको हो, सो खरिद गर्ने व्यक्तिलाई सोही समूह, उपसमूहमा राखिनेछ ।

(छ) नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृती लिई कम्पनी ऐन, प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून तथा अन्य प्रचलित कानूनको अधीनमा रही बैंक/वित्तीय संस्थाले आफ्नो पूँजी तथा स्वामित्वको संरचनामा हेरफेर गर्न सक्नेछ ।

(ज) नेपाल राष्ट्र बैंकले पूँजी बढाउनका लागि बैंकलाई निर्देशन दिएमा सो निर्देशन बमोजिम प्रचलित कानूनको अधीनमा रही बैंक/वित्तीय संस्थाले आफ्नो पूँजी बढाउनु पर्नेछ ।

६. **<u>बैंक वा वित्तीय संस्थाको शेयरको किसिम</u>** : हाल अग्राधिकार शेयरको व्यवस्था नगरिएको हुँदा बैंक/वित्तीय संस्थाको शेयर साधारण शेयर मात्रले बनेको छ । अग्राधिकार शेयर जारी गर्नु परेमा प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन, प्रचलित कानूनको रीत पुर्‍याई नेपाल राष्ट्र बैंकको स्वीकृतिमा मात्र त्यस्तो शेयर जारी गर्न सकिनेछ ।

*<u>द्रष्टव्य:</u>* हाल अग्राधिकार शेयर सम्बन्धी व्यवस्था गर्ने हो भने यस सम्बन्धमा राजपत्र (२०६२।७।१४) मा लेखिएको ढाँचा बमोजिमका कुराहरु समेत उल्लेख गर्नु पर्नेछ ।

७. **<u>शेयर खरिद वा हस्तान्तरण गर्न बन्देज</u>** : शेयर खरिद वा हस्तान्तरण गर्न बन्देज सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :-

(क) नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति नलिई बैंक/वित्तीय संस्थाको शेयर कुनै विदेशी बैंक वा वित्तीय संस्थालाई बिक्री वा हस्तान्तरण गरिने छैन ।

(ख) नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति नलिई संस्थापक र सर्वसाधारण समूहको शेयर स्वामित्व अनुपातमा परिवर्तन गर्न पाईने छैन ।

(ग) बैंक/वित्तीय संस्थाले कारोबार संचालन गरेको पाँच वर्ष नपुगेसम्म सो संस्थाको संस्थापकले आफ्नो शेयर बिक्री वा धितोबन्धक राख्न पाउने छैन र उक्त अवधिपछि त्यस्तो शेयर बिक्री गर्दा वा धितोबन्धक राख्नु पर्दा नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति लिनु पर्नेछ । यस व्यवस्था बमोजिम बैंक/वित्तीय संस्थाले कारोबार संचालन गरेको पाँच वर्ष नपुगे तापनि बैंक/वित्तीय संस्थाको संचालनमा कुनै बाधा व्यवधान उत्पन्न भई विशेष परिस्थितिको सृजना हुन गएमा नेपाल राष्ट्र बैंकको स्वीकृति लिई संस्थापकहरुका बीचमा शेयर खरिद बिक्री गर्न सकिनेछ ।

तर त्यसरी हक छोड्दा वा हस्तान्तरण गर्दा पहिलो प्राथमिकता जुन समूहको शेयर हो सोही समूहका शेयरधनीहरूलाई दिनु पर्नेछ । समूहभित्र उपसमूह रहेको अवस्थामा जुन उपसमूहको शेयर हो सोही उपसमूहका शेयरधनीलाई प्राथमिकता दिइनेछ । यसरी शेयर बिक्री गर्दा एक भन्दा बढी शेयरधनीले शेयर खरीद गर्न चाहेमा निजले धारण गरेको शेयरको अनुपातमा वितरण गर्नु पर्नेछ । सो समूहका कुनै पनि संस्थापक शेयरधनीले शेयर लिने इच्छा नगरेमा मात्र त्यस्तो शेयर संचालक समितिको निर्णय बमोजिम नेपाल राष्ट्र बैंकको स्वीकृति लिई अन्य व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई बिक्री गर्न सकिने छ ।

(घ) सर्वसाधारणले शेयर खरिद गर्दा न्यूनतम १० कित्ता वा १० अंकले भाग गर्दा शेष नरहने गरी अधिकतम ............. कित्ता खरिद गर्न सकिनेछ ।

तर हकप्रद शेयर र बोनस शेयरको हकमा यो बन्देज लागू हुने छैन ।

(ङ) बैंक/वित्तीय संस्थाका संचालक, कार्यकारी प्रमुख, लेखापरीक्षक, सचिव वा बैंक/वित्तीय संस्थाको व्यवस्थापन तथा लेखा सम्बन्धी कार्यमा प्रत्यक्ष रुपले संलग्न व्यक्तिले त्यस्तो पदमा बहाल रहंदाको वखत वा त्यस्तो पदबाट अवकाश प्राप्त गरेको कम्तीमा एक वर्षसम्म बैंक/वित्तीय संस्था वा त्यसको सहायक कम्पनीको शेयर आफ्नो वा आफ्नो परिवारको नियन्त्रणमा रहेको फर्म, कम्पनी वा संस्थाको नाममा खरिद बिक्री गर्न, गराउन, गर्न दिन, धितोबन्धक राख्न, राख्न लगाउन वा दान बकस लिन, दिन वा लेनदेन गर्न हुंदैन ।

(च) कसैले खण्ड (ङ) को विपरित काम गरेमा त्यस्तो शेयर बैंक/वित्तीय संस्थाले जफत गर्नेछ र त्यसरी जफत भएको शेयर संचालक समितिले उचित ठहऱ्याएको किसिमबाट बिक्री बितरण गर्न सक्नेछ ।

(छ) शेयर खरिद वा हस्तान्तरण गर्न बन्देज सम्बन्धी अन्य व्यवस्था प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून, कम्पनी कानून र धितोपत्र कारोवार सम्बन्धी कानून तथा अन्य प्रचलित कानूनमा उल्लेख भए बमोजिम हुनेछ ।

८. **<u>शेयरको रकम भुक्तानीका शर्तहरु</u>** : बैंक वा वित्तीय संस्थाको शेयरको रकम भुक्तानी सम्बन्धी शर्त देहाय बमोजिम हुनेछ :-

(क) बैंक/वित्तीय संस्थाको शेयर बापतको रकम बैंक तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानूनको अधीनमा रही माग गर्नु पर्नेछ ।

(ख) बैंक/वित्तीय संस्थाले माग गरेको रकमहरु निर्धारित समयमा शेयरधनीले बुझाउनु पर्नेछ ।

(ग) शेयर माग गर्ने, माग गरेको शेयर निर्धारित समयभित्र बुझाउने म्याद थप गर्ने, म्याद दिने आदि कुराहरु नियमावलीमा उल्लेख भए बमोजिम हुनेछ ।

९. **<u>अन्य आवश्यक कुराहरू</u>** : (१) बैंक/वित्तीय संस्थाको संस्थापन गर्दा लागेको खर्च बैंक/वित्तीय संस्थाले नै व्यहोर्नेछ ।

(२) बैंक/वित्तीय संस्थाको शेयरको रकम भुक्तानी नगदमा नै गर्नु पर्नेछ ।

<u>द्रष्टव्यः</u> नगद बाहेक अरु कुनै किसिमबाट शेयरमा हक पाएको भए सो कुरा उल्लेख गरी यो खण्डलाई मिलाउनु पर्नेछ ।

(३) बैंक/वित्तीय संस्थाले काम शुरु गर्दाको अवस्थामा संस्थापक वा अन्य कुनै व्यक्तिबाट कुनै सम्पत्ति प्राप्त गरेको छैन ।

<u>द्रष्टव्य:</u> बैंक/वित्तीय संस्थाले काम शुरु गर्दाको अवस्थामा संस्थापक वा अन्य कुनै व्यक्तिबाट कुनै सम्पत्ति प्राप्त गरेको भए सो कुरा उल्लेख गरी यो खण्डलाई मिलाउनु पर्नेछ ।

(४) संस्थापक वा अन्य कुनै व्यक्तिले बैंक/वित्तीय संस्थाबाट कुनै विशेष सहुलियत वा अधिकार पाउने छैन ।

<u>द्रष्टव्य:</u> विशेष सहुलियत वा अधिकार प्रदान गर्ने गरी सम्झौता भएको भए सोही व्यहोरा यस खण्डमा उल्लेख गर्नु पर्नेछ ।

(५) नेपाल राष्ट्र बैंकको स्वीकृति लिई बैंक/वित्तीय संस्थाले आफ्नो कारोबार सञ्चालनका लागि आवश्यक विनियमहरू बनाई लागू गर्न सक्नेछ ।

(६) बैंक/वित्तीय संस्थाल प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनले बन्देज लगाएका कार्यहरू गर्न पाउने छैन ।

(७) बैंक/वित्तीय संस्थाले आवश्यकता महसुस गरेमा नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त गरी बैंक/वित्तीय संस्थाको हितको लागि आफ्नो व्यवस्थापन जिम्मा दिने वा आवश्यक परामर्शदातासँग परामर्श लिन सक्नेछ ।

(८) बैंक/वित्तीय संस्थाले नेपाल राष्ट्र बैंकले तोके वमोजिमको आफ्नो कूल सम्पत्ती वा जोखिम भारीत सम्पत्तिको आधारमा तोके अनुसारको पूँजी कोषको व्यवस्था गर्नु पर्नेछ ।

(९) बैंक/वित्तीय संस्था अविच्छिन्न उत्तराधिकारवाला एक संगठित संस्था हुनेछ ।

(१०) बैंक/वित्तीय संस्थाको काम कारवाही सञ्चालनका लागि एक छुट्टै छाप हुनेछ ।

(११) बैंक/वित्तीय संस्थाले आफ्नो नामबाट नालिस उजूर गर्न र यस उपर पनि सोही नाउँबाट नालिस उजूर लाग्न सक्नेछ ।

(१२) बैंक/वित्तीय संस्थाले प्रचलित कानूनको अधीनमा रही व्यक्ति सरह चल अचल सम्पत्ति खरिद बिक्री गर्न धितोबन्धक लिन, दिन वा दान दातव्य दिन सक्नेछ ।

(१३) बैंक/वित्तीय संस्थाको शेयरधनीहरूको दायित्व निजले लिएको वा लिन मन्जुरी गरेको शेयरको मूल्यसम्म सीमित हुनेछ ।

(१४) बैंक/वित्तीय संस्थाका सबै कामहरू नेपाल राष्ट्र बैंक ऐन, २०५८, प्रचलित बैंक तथा वित्तीय संस्था तथा कम्पनी सम्बन्धी कानून र अन्य प्रचलित कानून बमोजिम सञ्चालन हुनेछ ।

(१५) नेपाल राष्ट्र बैंक ऐन, २०५८, प्रचलित बैंक तथा वित्तीय संस्था तथा कम्पनी सम्बन्धी कानून र बैंक तथा वित्तीय संस्थाको सम्बन्धमा लागू हुने अन्य प्रचलित कानूनमा कुनै संशोधन भएमा यस प्रबन्धपत्र पनि सोही बमोजिम स्वतः संशोधन भएको मानिनेछ र सोही बमोजिम प्रबन्धपत्रमा संशोधन गरी मिलाउनु पर्नेछ ।

(१६) <u>खारेजी र बचाउः</u> (१) बैंक तथा वित्तीय संस्था सम्बन्धी अध्यादेश, २०६२ को दफा ३० को उपदफा (२) बमोजिम बैंक/वित्तीय संस्थाको प्रबन्धपत्र संशोधन गरी ईजाजतपत्र प्राप्त गर्नु भन्दा अगावै................(कम्पनीको पुरानो नाम राख्ने) बाट मिति..............(शुरु स्थापना मिति उल्लेख गर्ने) मा कम्पनी रजिष्ट्रारको कार्यालयमा संस्थापना भएको यस बैंक/वित्तीय संस्था लिमिटेडको उक्त प्रवन्धपत्र खारेज गरिएको छ।

(२) खण्ड (१) अन्तर्गत खारेज गरिएको प्रबन्धपत्र बमोजिम भए गरेका काम कारवाही यसै प्रबन्धपत्र बमोजिम भए गरेको मानिनेछ।

(३) खण्ड (१) अन्तर्गत खारेज गरिएको प्रबन्धपत्र बमोजिम कम्पनी संस्थापना हुंदाका बखत कायम रहेका संस्थापकहरु र निजहरुले तत्काल लिन कबुल गरेको शेयर संख्या, सहिछाप, साक्षीहरु तथा निजहरुको सहिछाप, सो प्रबन्धपत्र मस्यौदा गर्ने कानून व्यवसायी/चाटर्ड एकाउण्टेण्टले प्रमाणित गरेको कुरा तथा निजको सहिछाप सम्बन्धी सम्पूर्ण विवरणहरु यसै प्रबन्धपत्रको दफा १२ मा उल्लेख भए बमोजिम कायम रहेको मानिनेछ।

१०. **<u>प्रवन्धपत्र बाझिएको हदसम्म निष्कृय हुने</u>** : यस प्रबन्धपत्रका दफाहरु कम्पनी कानून, नेपाल राष्ट्र बैंक ऐन, २०५८, प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी तथा अन्य प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ र यस प्रबन्धपत्रमा उल्लेख नभएका कुराहरुको हकमा उल्लिखित कानून बमोजिम हुनेछ।

११. **<u>प्रवन्धपत्रमा संशोधन भएमा लागू हुने अवस्था</u>** : (१) यस प्रवन्धपत्रमा बैंक/वित्तीय संस्थाले कुनै संशोधन गर्नु पर्ने भएमा कम्पनी कानून बमोजिम प्रस्ताव पारित गरी सो प्रस्ताव कार्यालयबाट अभिलेख भएपछि मात्र प्रवन्धपत्र संशोधन भएको मानिनेछ।

(२) नेपाल राष्ट्र बैंक ऐन, २०५८, प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून, कम्पनी तथा धितोपत्र कारोवार सम्बन्धी प्रचलित कानून संशोधन भएको खण्डमा यो प्रबन्धपत्र पनि सोही बमोजिम संशोधन भएको मानिनेछ र यस प्रबन्धपत्रमा समेत सोही अनुरुप संशोधन गर्नु पर्नेछ।

१२. **<u>संस्थापकहरुले तत्काल लिन कबुल गरेको शेयर संख्याः</u>**

हामी ..........................लिमिटेडका संस्थापकहरुले देहाय बमोजिमको संख्यामा शेयर लिन कबुल गरी देहायका साक्षीको रोहबरमा यस प्रवन्धपत्रमा सहीछाप गरेका छौं।

| सि.न. | संस्थापकहरूको नाम, थर, वतन र सहीछाप | लिन कबुल गरेको शेयर संख्या | साक्षीको नाम, थर, वतन र सहीछाप |
|---|---|---|---|
| १. | नाम : | | नाम : |

| | | | |
|---|---|---|---|
| | ठेगानाः<br>सही : द... | | ठेगानाः<br>सही : द... |
| २. | नाम :<br>ठेगानाः<br>सही : द... | | नाम :<br>ठेगानाः<br>सही : द... |
| ३. | नाम :<br>ठेगानाः<br>सही : द... | | नाम :<br>ठेगानाः<br>सही : द... |
| ४. | नाम :<br>ठेगानाः<br>सही : द... | | नाम :<br>ठेगानाः<br>सही : द... |
| ५. | नाम :<br>ठेगानाः<br>सही : द... | | नाम :<br>ठेगानाः<br>सही : द... |
| ६. | नाम :<br>ठेगानाः<br>सही : द... | | नाम :<br>ठेगानाः<br>सही : द... |

| | | | |
|---|---|---|---|
| ७. | नाम :<br>ठेगानाः<br>सही : द... | | नाम :<br>ठेगानाः<br>सही : द... |
| ८. | नाम :<br>ठेगानाः<br>सही : द... | | नाम :<br>ठेगानाः<br>सही : द... |
| ९. | नाम :<br>ठेगानाः<br>सही : द... | | नाम :<br>ठेगानाः<br>सही : द... |
| १०. | नाम :<br>ठेगानाः<br>सही : द... | | नाम :<br>ठेगानाः<br>सही : द... |
| ११. | नाम :<br>ठेगानाः<br>सही : द... | | नाम :<br>ठेगानाः<br>सही : द... |

| | | | |
|---|---|---|---|
| १२. | नाम :<br>ठेगाना:<br>सही : द... | | नाम :<br>ठेगाना:<br>सही : द... |
| १३. | नाम :<br>ठेगाना:<br>सही : द... | | नाम :<br>ठेगाना:<br>सही : द... |
| १४. | नाम :<br>ठेगाना:<br>सही : द... | | नाम :<br>ठेगाना:<br>सही : द... |
| १५. | नाम :<br>ठेगाना:<br>सही : द... | | नाम :<br>ठेगाना:<br>सही : द... |
| १६. | नाम :<br>ठेगाना:<br>सही : द... | | नाम :<br>ठेगाना:<br>सही : द... |
| १७. | नाम :<br>ठेगाना:<br>सही : द... | | नाम :<br>ठेगाना:<br>सही : द... |

| | | | |
|---|---|---|---|
| १८. | नाम :<br>ठेगानाः<br>सही : द... | | नाम :<br>ठेगानाः<br>सही : द... |
| १९. | नाम :<br>ठेगानाः<br>सही : द... | | नाम :<br>ठेगानाः<br>सही : द... |
| २०. | नाम :<br>ठेगानाः<br>सही : द... | | नाम :<br>ठेगानाः<br>सही : द... |
| २१. | नाम :<br>ठेगानाः<br>सही : द... | | नाम :<br>ठेगानाः<br>सही : द... |
| २२. | नाम :<br>ठेगानाः<br>सही : द... | | नाम :<br>ठेगानाः<br>सही : द... |
| २३. | नाम :<br>ठेगानाः<br>सही : द... | | नाम :<br>ठेगानाः<br>सही : द... |

| | | | |
|---|---|---|---|
| २४. | नाम :<br>ठेगानाः<br>सही : द... | | नाम :<br>ठेगानाः<br>सही : द... |
| २५. | नाम :<br>ठेगानाः<br>सही : द... | | नाम :<br>ठेगानाः<br>सही : द... |
| २६. | नाम :<br>ठेगानाः<br>सही : द... | | नाम :<br>ठेगानाः<br>सही : द... |
| २७. | नाम :<br>ठेगानाः<br>सही : द... | | नाम :<br>ठेगानाः<br>सही : द... |

मैले मस्यौदा गरेको यस प्रवन्धपत्रमा संस्थापक तथा साक्षीहरूले मेरो सामुन्नेमा हस्ताक्षर गरेका हुन् र प्रवन्धपत्रमा प्रचलित कानूनसँग बाझिने कुनै प्रावधान छैन भनी प्रमाणित गर्ने कानूनी व्यवसायी / चार्टर्ड एकाउण्टेण्टको :-

(क) नाम :

(ख) दस्तखत : द...

(ग) प्रमाणपत्र नं. :

(घ) मिति :

<u>नोटः नयाँ संस्थापन हुने कम्पनीको हकमा उल्लिखित दफा १२ को सट्टा देहायको दफा १२ र १३ राख्ने</u>

१२. <u>संस्थापकहरुले तत्काल लिन कवुल गरेको शेयर संख्या</u> : हामी ............................. लि.का संस्थापकहरुले देहाय बमोजिमको संख्यामा शेयर लिन कवुल गरी देहायका साक्षीको रोहवरमा यस प्रवन्धपत्रमा सहीछाप गरेका छौं ।

| संस्थापकको नाम, ठेगाना र सहीछाप | बाबुको नाम | बाजेको नाम | लिन कवुल गरेको शेयर संख्या | साक्षीको नाम,थर,ठेगाना र सहीछाप |
|---|---|---|---|---|
| १. नामः<br>ठेगानाः .............<br>जिल्ला : ...........<br>............नगरपालिका/गा. वि.स.वडा नं. .....<br>ब्लक नं. ...........<br>सम्पर्क फोन नं.<br>फ्याक्स :<br>इ-मेल<br>पो.ब.नं.<br><br>दा. वां. | | | | १. नामः<br>ठेगानाः .........<br>जिल्लाः ................<br>......... नगरपालिका/गाउं वि.<br>स. वडा नं..........ब्लक नं. .. |

१३. <u>बैंक/वित्तीय संस्था संस्थापकको उद्घोषण</u> : यस प्रबन्धपत्रत्रमा लेखिएको हाम्रो नाम, ठेगाना, हस्ताक्षर, हामीले लिन कवूल गरेको शेयर र साक्षी सम्बन्धि व्यहोरा लगायत अन्य अन्य सम्पूर्ण व्यहोराहरु ठीक सांचो छ । उल्लिखित व्यहोराको आधारमा कम्पनी दर्ता भएपछि सृजना हुने सम्पूर्ण दायित्व बेहोर्न हाम्रो मन्जुरीछ । यस दफा अनुसार हामीले गरेको उद्घोषण गलत ठहरिन गएमा प्रचलित कानून बमोजिम हुने दणड सजायं समेत भोग्न हाम्रो मन्जुरी छ भनी हामीले यो उद्घोषण गरेका छौं ।

(क) संस्थापकको नाम थर :
हस्ताक्षर
ल्याप्चे सहीछापः

(ख) संस्थापकको नाम थर :
हस्ताक्षर
ल्याप्चे सहीछापः